# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल असोज महिना २४ गते बुधबार)

यस विकास बैंक लि.को शाखा कार्यालय महाराजगंजबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायिक आवधिक र अधिविकर्ष कर्जा तथा फोर्स लोन कर्जा शिर्षकमा लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंक संग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक रुपमा मौखिक तथा लिखित तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँबा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चाँसो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ७ औ दिनको कार्यालय समय भित्र यस बैकका शाखा कार्यालय महाराजगंजमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहन सूचित गरिन्छ ।

## तपशिल

### ऋणीको विवरण

नाम : **आयुषा फेसन कम्पलेक्स प्रा.लि.**
अख्तियार प्राप्त व्यक्ति : रमेश कुमार राय
दर्ता नं. : २०७३८४/०७५/७६
दर्ता मिति : २०७५/१०/१३
स्थायी लेखा नं. : ६०६६०३५४०
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं
ठेगाना : काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. ३२, कोटेश्वर

### व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

| | |
|---|---|
| १. नाम : **रमेश कुमार राय**<br>बाबुको नाम : तेज नारायण राय<br>बाजेको नाम : सुवंश राय<br>स्थायी ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३५<br>हालको ठेगाना : भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं. ३, बालकोट<br>ना.प्र नं. : ०६१०३४-१३५६३४-५४७८६<br>जारी मिति र जिल्ला : २०६५/१२/२३, काठमाडौं | २. नाम : **रन्जीता सापकोटा**<br>बाबुको नाम : प्रकाश सापकोटा<br>पतिको नाम : रमेश कुमार राय<br>ससुराको नाम : तेज नारायण राय<br>स्थायी ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला पनौती न.पा. वडा नं. ३<br>हालको ठेगाना : भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं. ३, बालकोट<br>ना.प्र नं. : ३०-०१-७२-११०९५<br>जारी मिति र जिल्ला : २०७२/१२/१७, काभ्रेपलाञ्चोक |

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित जग्गाहरु र सो जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | कि.नं. | क्षेत्रफल (रोपनी) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|
| रमेश कुमार राय | भक्तपुर जिल्ला बालकोट गा.वि.स. वडा नं. ९ | २३८० | ०-४-२-० | पक्कि मोटर बाटो | कि.नं. ५०५१ | कि.नं. २३८१ | कि.नं. ११२४ |
| | | २३८१ | ०-४-२-० | पक्कि मोटर बाटो | कि.नं. ५०५१ | कि.नं. ४५५९ | कि.नं. २३८० |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१. मिति २०८०/०४/०५ को नागरिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२. मिति २०८०/०५/११ गते कारोबार दैनिक राष्ट्रिय पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
३. मिति २०८०/०६/०८ गते अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

### शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८०/०६/३० गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय महाराजगंज आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित धितो सुरक्षणहरु सम्पुर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/०७/०१ गते बुधबार अर्थात ८ औ दिन दिउसो १:०० बजे भित्र यस बैकको शाखा कार्यालय महाराजगंजमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।


"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
**Central Office:** Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ